मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

२५ Purwanchal National Daily


सूचना

**अन्तर्राष्ट्रिय नाराः** "The sustainable consumer"
**राष्ट्रिय नाराः** 'उत्पादनमा गुणस्तरीयता, आपूर्तिमा सहजता, उपभोगमा विवेकशीलता ।''

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग

◆ वर्ष : २५ ◆ अङ्क : २४३ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७७ साउन १६ गते शुक्रवार (Friday, July 31. 2020) नेपाल सम्वत् ११४० Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

## कनकाईबाट ब्राउन सुगरसहित पाँच जना पक्राउ



**बिर्तामोड, साउन १५।** कोरोना भाइरसको त्रास समुदायमा बढ्दै गइरहेका बेला पनि लागूऔषध कारोबारीको धन्दा रोकिएको छैन् ।

झापामा लागूऔषध प्रयोगकर्ता तथा कारोबारीहरु सक्रिय रहेको सूचना पाए लगत्तै शंकास्पद गतिविधि गर्नेहरुविरुद्ध इलाका प्रहरी कार्यालय अनारमनीले निगरानी बढाएको थियो । सोही क्रममा झापाको दुई छुट्टाछुट्टै स्थानबाट लागूऔषध ब्राउन सुगरसहित पाँच जनालाई पक्राउ गर्न सफल भएको इलाका प्रहरी कार्यालय अनारमनीका प्रहरी नायव उपरीक्षक मुकुन्द रिजालले जानकारी दिए ।

पक्राउ पर्नेहरुमा कनकाई नगरपालिका-४का २८ बर्षीय सञ्जय पोखरेल, २९ बर्षीय जीवन त्रिखत्री दर्जी, ३० बर्षीय पंकज उप्रेती र २५ बर्षीय फियाज मुमेनलाई १२ ग्राम ८० मिलिग्राम ब्राउन सुगर सहित कनकाई नगरपालिका-४ ईलुवारीबाट पक्राउ गरेको जनाइएको छ ।

त्यस्तै बिर्तामोड नगरपालिका-४ घर भई अर्जुनधारा नगरपालिका-६ बस्ने २० बर्षीय निकेश राईलाई एक ग्राम ५०० मिलिग्राम ब्राउनसुगर सहित बुधबार साँझ डेरा छेउबाट पक्राउ गरिएको हो । लागूऔषध ब्राउन सुगरसहित पक्राउ परेका पाँचै जनाको सम्बन्धमा थप अनुसन्धान भइरहेको इलाका प्रहरी कार्यालय अनारमनीले जनाएको छ ।

सरकारले गएको चैत ११ गतेबाट गरेको लकडाउनदेखि हालसम्म इलाका प्रहरी कार्यालय अनारमनीले सात जनालाई पक्राउ गरेको छ ।

उनीहरुका साथबाट ३४ ग्राम लागूऔषध बरामद गरेको प्रहरी नायब उपरीक्षक रिजालले जानकारी दिए । २५देखि ४० वर्ष उमेर समूहका व्यक्ति लागूऔषधको कारोबारमा संलग्न रहेको पाइएको छ ।

कोरोना भाइरसको संक्रमणको जोखिम बढी रहेको र प्रहरीले समुदायमा विभिन्न सचेतनामूलक कार्यक्रमलाई केन्द्रित गरिरहेको मौका छोपेर लागूऔषध कारोबारी संक्रिय रहेको पाएसँगै प्रहरीले निगरानी बढाएको बताइएको छ ।

लागूऔषध नियन्त्रण ऐन २०३३को परिच्छेद ३ को दफा १४को खण्ड ६ बमोजिम २५ ग्रामसम्म लागूऔषध ब्राउन सुगर बरामद गरेमा ५देखि १० वर्षसम्म कैद र पाँच हजारदेखि २५ हजारसम्म जरिवाना, २५ ग्रामदेखि सय ग्रामसम्ममा १०देखि १५ वर्षसम्म कैद र ७५ हजारदेखि दुई लाख रुपैंयासम्म जरिवाना र सय ग्रामदेखि माथि जतिसुकै लागूऔषध बरामद गरेपनि १५ वर्षदेखि जन्मकैद र पाँच लाखदेखि २५ लाख रुपैयाँसम्म जरिवाना हुने कानूनी व्यवस्था रहेको छ । पक्राउ परेकाहरुले कहाँबाट लागूऔषध ल्याउने गरेका छन् भन्ने विषयमा अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

उता मोरङको रतुवामाई नगरपालिका-२बाट लागूऔषध ट्याब्टेलसहित दुई जना पक्राउ परेका छन् ।

सीमा प्रहरी चौकी डोरीयाबाट खटिएको प्रहरी टोलीले उर्लावारी नगरपालिका-५का २२ बर्षीय विवश तामाङ र २१ बर्षीय सुरज बिकलाई लागूऔषध ट्याब्टेल सहित पक्राउ गरेको हो ।

निजहरुको साथबाट नाईट्रोभेट ट्याब्लेट ८ पत्ता र एसपी ट्याब्लेट ३ पत्ता बरामद भएको छ। पक्राउ परेका दुबै जनाको सम्बन्धमा थप अनुसन्धान भइरहको जिल्ला प्रहरी कार्यालय मोरङले जनाएको छ ।

# बिर्तामोडमा ढल व्यवस्थापनको पहल

**बिर्तामोड, साउन १५।** बिर्तामोडमा देखिएको अव्यबस्थित ढलको समस्या हटेर जाने भएको छ ।

नेपाल सरकारले देशका विभिन्न १७ वटा शहरमा एकीकृत खानेपानी तथा प्रशोधनसहितको ढल व्यवस्थापन आयोजना सञ्चालनको तयारी थालेसंगै बिर्तामोडमा देखिएको अव्यवस्थित ढलको समस्या हटेर जाने भएको हो । सरकारले प्रादेशिक राजधानी लगायतका ठूला शहरमा एकीकृत खानेपानी तथा प्रशोधनसहितको ढल व्यवस्थापन आयोजना सञ्चालन गर्न लागेको हो ।

१ नम्वर प्रदेशमा बिर्तामोडसहित पूर्वका चार शहरमा आयोजना केन्द्रीत छ । नेकपाका जिल्ला कार्यालय सदस्य अरुण श्रेष्ठका अनुसार बिर्तामोडसहित धरान एकीकृत खानेपानी तथा ढल व्यवस्थापन आयोजना, बिराटनगर एकीकृत खानेपानी तथा ढल व्यवस्थापन आयोजना र धनकुटा वजार एकीकृत खानेपानी तथा ढल व्यवस्थापन आयोजना सञ्चालन हुँदैछन् । आयोजना सञ्चालनपछि पूर्वका चार शहरमा देखिएको अव्यवस्थित ढलको समस्या हट्नुका साथै पर्यावरण समेत राम्रो हुने श्रेष्ठको दावी छ ।

आयोजना सञ्चालनका लागि केही समयपछि विस्तृत गुरुयोजनाको काम थालिने र यसले गति लिने बताइएको छ । पहिलो चरणमा देशका १७ आयोजनामध्ये १० वटा आयोजनाको मात्रै विस्तृत गुरुयोजना तयार गरिने र बाँकी क्रमशः आयोजनाको काम अघि बढाइने भएको छ ।

बिर्तामोडमा एकीकृत खानेपानी तथा ढल व्यवस्थापन आयोजना सञ्चालनपछि ८१ हजार ८ सय ८७ परिवार प्रत्यक्ष लाभान्वित हुने छन् । पूर्वको प्रमुख व्यापारिक केन्द्रका रुपमा रहेको बिर्तामोडको पूर्ण सरसफाई हुन नसक्दा यहाँको पर्यावरण समेत दुषित हुँदै गएको अवस्थामा आयोजनाले काम अघि बढाएपछि नगरको मुहार नै परिवर्तन हुने श्रेष्ठको भनाइ छ ।

श्रेष्ठकै अगुवाइमा बिर्तामोडमा आयोजना भित्र्याइएको र पहिलो चरणमा विस्तृत गुरुयोजना बनाएर बिर्तामोडलाई



फोहोरीमुक्त शहर बनाइने भएको छ । अहिले ढलको व्यवस्थापन हुन नसक्दा जथाभावी ढल मिसाइएको र अन्तिम बिन्दु अन्धुवा खोला भएका कारण अन्धुवा खोलाको पानी समेत प्रदुषित रहेको छ । आयोजना सञ्चालनसँगै ढललाई प्रशोधन गर्दै सफा पानी बग्ने बनाइने र फोहोरको स्रोतमै वर्गीकरण गरेर मल लगायतका वस्तु तयार गरिने श्रेष्ठको भनाइ छ ।

श्रेष्ठकै पहलमा यसअघि पनि बिर्तामोडको ढल व्यवस्थापनका लागि पहल थालिएको थियो । उनको संयोजकत्वमा गठित एक समितिले बिर्तामोडको मध्य भाग भएर बग्ने अन्धुवा खोलाको फोहोर व्यवस्थापनका लागि एक अर्ब १२ करोड रुपैयाँको लागतमा विस्तृत गुरुयोजना तयार गरिएको थियो । तीन बर्ष अघि गुरु योजना तयार पारिएपनि काम भने हुन सकेको थिएन । अन्धुवा खोला व्यवस्थापनका लागि तयार गरिएको गुरुयोजनामा महानन्द चौक उत्तर वोरिङ गर्दै ड्याम बनाएर पानी जम्मा गर्ने र बिर्ताबजार दक्षिणसम्मको ११ किलोमिटर क्षेत्रफलमा सरसफाई गर्दै खोला किनारमा हरियाली पार्क बनाउने तयारी थियो । खोलाको पानी बग्ने भाग ४० फिट भए पनि दुवै तर्फ ३२/३२ मिटर छाडेर खोला किनारमा मर्निङवाक गर्ने सडक निर्माण गर्ने र खोलामा फोहोर फाल्न नदिनका लागि १२ फिट अग्लो जाली लगाउने गुरुयोजनामा उल्लेख छ ।

खोलाको ११ किलोमिटर क्षेत्रफलभित्र आठ वटा पुल रहेको र पुलको दुवैतर्फ ड्याम बनाउँदै पानी जम्मा गरेर हरियाली पार्कको अवधारणा अघि सारिएको छ । ड्याममा जमेको पानी हरियो हुन्छ- अभियान संयोजक श्रेष्ठले भने - दुषित अन्धुवा खोलालाई शुद्ध पार्दै हरियो पानी वग्ने बनाउने तयारी गर्दै गुरुयोजना तयार गरिएको र अहिले त्यो कार्यान्वयनको चरणमा रहेको छ ।

खानेपानी मन्त्रालयसँगको समन्वयमा अहिले बिर्तामोडमा एकीकृत खानेपानी तथा ढल व्यवस्थापन आयोजना सञ्चालन गर्न लागिएको र यो आयोजना सञ्चालन भए पनि अन्धुवा खोला समेत शुद्ध हुने उनको भनाइ छ। महत्वाकांक्षी आयोजना भए पनि आयोजना सञ्चालन भएपछि बिर्तामोडमा प्रत्येक घरबाट निस्किएको फोहोरजन्य पानी प्रशोधित भएर मात्रै खोलासम्म पुग्ने उनको भनाइ छ ।

संघीय सरकारको बार्षिक बजेटमार्फत सञ्चालन हुने आयोजनाहरुको पहिचान तथा प्राथमिकीकरण गरी प्रदेश तथा स्थानीय तहसँग समेत समन्वय गरी सहभागितात्मक प्रक्रियाबाट आयोजना कार्यान्वयन गरिने भएको छ ।

आयोजना कार्यान्वयनका लागि सिलिङ्ग प्राप्त भएपछि आफ्नो कार्य क्षेत्रमा संचालन गर्न आवश्यक भएका संघीय आयोजना र कार्यक्रमहरुको बजेट बाँडफाँड गरी बजेट तथा कार्यक्रमहरुको राष्ट्रिय योजना आयोगबाट निर्धारण भएको ढाँचामा कार्यक्रम तयार गरी स्वीकृतीका लागि विभागमा पेश गर्ने प्रावधान छ। सोही अनुसार प्रक्रिया अघि बढेको श्रेष्ठको भनाइ छ ।

जनसंख्याको बृद्धिसँगै तीव्र शहरीकरणका कारण देशका ठूला शहरमा फोहोर मैला व्यवस्थापनका लागि सरकारलाई चुनौति थपिएको छ ।

(बाँकी अन्तिम पृष्ठमा)

## सुधार केन्द्रमा रहेका खरेलको मृत्यु

**झापा, साउन १५।** मेचीनगर नगरपालिकाको धुलाबारीस्थित सनराइज सुधार केन्द्रमा रहेका हल्दिबारीका एक व्यक्तिको उपचारको क्रममा मृत्यु भएको छ ।

हल्दिबारी गाउँपालिका-२का २५ वर्षीय प्रकाश खरेलले आफ्नै पेटमा सिसा प्रहार गरेर गम्भीर घाइते भएका थिए । गम्भीर अवस्थामा अस्पताल पुऱ्याइएकोमा उनको उपचारको क्रममा विराटनगरस्थित नोबेल अस्पतालमा बुधवाररराति मृत्यु भएको जिल्ला प्रहरी कार्यालय झापाका प्रवक्ता डीएसपी राकेश थापाले

(बाँकी अन्तिम पृष्ठमा)

## सुराकी र कमिशनमा ४५ लाख पुरस्कार

लक्ष्मी उप्रेती

**मेचीनगर, साउन १५।** मेची भन्सार कार्यालय काँकरभिट्टाले बितेको आर्थिक वर्ष २०७६/०७७ मा ४५ लाख रुपैयाँभन्दा बढी पुरस्कार वितरण गरेको छ ।

सीमा क्षेत्रबाट अवैध रुपमा हुने चोरी, पैठारी निकासीका क्रममा सुराकी दिने, पक्राउ गरी प्रतिवेदनसहित आवश्यक कारवाहीका लागि मेची भन्सार कार्यालय काँकरभिट्टामा बुझाउने व्यक्ति तथा निकायलाई उक्त रकम वितरण गरेको हो ।

नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल राजश्व एवम् भन्सार सुरक्षा गुल्म, सशस्त्र प्रहरी बल नेपाल तथा भन्सार गस्ती टोलीलाई एकवर्षको अवधिमार सुराकी पुरस्कार वापत १९ लाख ७९ हजार ४२ रुपैयाँ र कमिशन प्रतिवेदक पुरस्कार वापत २५ लाख ९४ हजार ५१ रुपैयाँ गरी कूल ४५ लाख ७३ हजार ९३ रुपैयाँ सुराकी तथा कमिशनवापतको रकम वितरण गरेको प्रमुख भन्सार अधिकृत ध्रुवराज विश्वकर्माले जानकारी दिए ।

भन्सार कार्यालयको नियम अनुसार अवैध समान पक्राउ गरी भन्सार बुझाएवापत कमिशन तथा कसैले सुराकी दिए पुरस्कारवापत लिलामी रकमको २० प्रतिशत कमिशन र सुराकीवापतको १५ प्रतिशत पुरस्कार गरी ३५ प्रतिशत रकम दिने व्यवस्था छ । सबैभन्दा बढी नेपाल प्रहरीले सुराकी पुरस्कारवापत १२ लाख ६१ हजार तीन सय ६० र कमिशन प्रतिवेदन पुरस्कारवापत १६ लाख ६२ हजार तीन सय ६३ रुपैयाँ गरी कूल २९ लाख २३ हजार सात सय २३ रुपैयाँ भन्सार कार्यालयबाट बुझि लगेको छ ।

त्यसैगरी सशस्त्र प्रहरीलाई भन्सार कार्यालयले सुराकी र प्रतिवेदन पुरस्कार गरी कूल १४ लाख ६९ हजार छ सय ३७ रुपैयाँ वितरण गरेको छ । सशस्त्र

(बाँकी अन्तिम पृष्ठमा)

## झापामा थप तीन जना प्रहरीलाई कोरोना

**झापा साउन १५।** तालिमका लागि इलामबाट झापा आएका तीन जना सशस्त्र प्रहरीलाई कोरोना संक्रमण पुष्टि भएको छ । योसँगै झापामा कोरोना संक्रमित हुने सशस्त्र प्रहरीको संख्या २३ पुगेको छ । संक्रमित हुनेहरु पाथीभरा गण पाडाजुंगीका तीन जवान रहेका छन् । उनीहरु तालिमका लागि इलामबाट झापा आएका थिए ।

पाथीभरा गणका ६ जनाको स्वाब संकलन गरी परीक्षणका लागि पठाइएको थियो । त्यसमध्ये तीन जनाको रिपोर्ट

(बाँकी अन्तिम पृष्ठमा)

## बजेट सच्याउन माग गर्दै ज्ञापन

**दुहागढी, साउन १५।** वडाबासीको भावना विपरीत एकलौटी ढंगले बजेट तर्जुमा गरिएको भन्दै सच्याउन माग गर्दै मेचीनगर नगरपालिका १४ नं. वडाका तीन वटा राजनीतिक दलले संयुक्त रुपमा ज्ञापन पत्र बुझाएका छन् ।

नेपाली कांग्रेस, राप्रपा नेपाल र जनता संघीय समाजवादी पार्टी नेपालले संयुक्त रुपमा ज्ञापन-पत्र बुझाउँदै वडामा क्रियाशील राजनीतिक दल एवम् सरोकारवालाहरुसँग सामान्य परामर्श पनि नगरी व्यक्तिगत सम्पत्ति जस्तो गरी तीन/चार जना कोठामा बसेर तयार गरिएको बजेट आफूहरुलाई मान्य नहुने बताएका छन् । नेपाली कांग्रेसका वडा सभापति प्रेमबहादुर न्यौपाने, राप्रपा नेपालका वडा सभापति रुद्र रिजाल र जनता संघीय समाजवादी पार्टी नेपालका वडा सभापति प्रेम साँवाले संयुक्त रुपमा वडाध्यक्ष शंकरप्रसाद पोखेललाई बिहीबार वडा कार्यालयमा ज्ञापन-पत्र बुझाएका हुन् ।

(बाँकी अन्तिम पृष्ठमा)

## खोलाले बगाएर एक जनाको मृत्यु, एक जना बेपत्ता

**झापा, साउन १५।** संखुवासभा घर भई झापाको अर्जुनधारा नगरपालिका-४ बस्ने ३० बर्षीय सुगम राईको स्थानीय डुबे खोलाले बगाएर मृत्यु भएको छ ।

श्रीमती र अन्य साथीहरुसंगै दहीझोडा सामुदायिक वनतर्फ गएका राईको डुबे खोला तर्ने क्रममा अचानक सोही खोलाले बगाएको थियो ।

खोलाले बगाएका राईलाई सँगै गएका साथीहरुले नै मृत अवस्थामा उद्धार गरी प्रहरीमा खबर गरेसँगै प्रहरी टोली खटि गई थप अनुसन्धान गरेको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ ।

यसैगरी झापाकै कन्काई नगरपालिका-४का २७ बर्षीय कमल मुखिया माई खोलामा बाढीले बगाएर ल्याएको दाउरा निकाल्ने क्रममा खोलाले बगाएर बेपत्ता भएका छन् ।

उक्त खोलाबाट दाउरा निकाल्ने क्रममा राई बेपत्ता भएको र निजको खोजतलास कार्य भइरहेको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ ।

**शान्ति सामुदायिक वन उपभोक्ता समूह**
**लेखा परीक्षक चाहियो**

यस शान्ति सामुदायिक वन उपभोक्ता समूह अर्जुनधारा -२ रातेको आर्थिक वर्ष २०७६/०७७ को मलेप गर्नका लागि मान्यताप्राप्त लेखा परीक्षकबाट अडिट गर्नु पर्ने भएको हुँदा अगामी मिति २०७७ साउन २५ गतेसम्ममा निवेदन आह्वान गरिएको सूचना प्रकाशित गरिन्छ ।

सम्पर्क नम्बर : ९८५२६७३०१५/९८४२६४०९०७

दुर्गा तिम्सिना — कार्यालय सचिव
तुलसीप्रसाद खतिवडा — अध्यक्ष

शान्ति सामुदायिक वन उपभोक्ता समूह
अर्जुनधारा -२, राते

**कोरोना भाइरस उपचार कोषमा रकम जम्मा गर्न आव्हान गरिएको सूचना**

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस (COVID-19) रोगको संक्रमणलाई फैलिन नदिन तथा सोको रोकथाम एवम् नियन्त्रणका लागि देहायको बैकमा **'कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष'** खाता खोलिएको हुँदा इच्छुक व्यक्ति तथा संघ-संस्थाहरुले सो खातामा रकम जम्मा गरी सहयोग गरिदिनुहुन आव्हान गरिएको व्यवहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ ।

**बैंकको नामः** राष्ट्रिय बाणिज्य बैंक
**शाखाः** सिंहदरबार परिसर
**खाताको नामः** कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष
**खाता नं.** १९६००००११०१

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग

### कोरोनाबिरुद्धको अभियान

# यातायात व्यवसायी र प्रहरी सडकमा





**बिर्तामोड, साउन १५।** छोटो दूरीका सार्वजनिक सवारी सञ्चालनमा आएपछि कोरोना भाइरस ( कोभिड १९) को संक्रमण फैलन सक्ने भन्दै यातायात व्यवसायी र प्रहरी नै सचेतनाका लागि सडकमा उत्रिएका छन् ।

सरकारले लकडाउन खुल्ला गरेसँगै छोटो दूरीका सार्वजनिक सवारी सञ्चालन गर्न सक्ने जनाएपछि यातायात व्यवसायीले छोटो दूरीका सवारी सञ्चालन गर्न शुरु गरेका थिए ।

तर, लकडाउन खुलेसंगै कोरोना भाइरसको संक्रमण दर उच्च भएपछि यातायात व्यवसायी र प्रहरी सचेतनाका लागि अहिले सडकमा उत्रिएका हुन् । भारतको पश्चिम बंगाल र बिहारसंग सीमा जोडिएको झापा कोरोना संक्रमणका हिसाबले उच्च जोखिममा छ । झापामा समुदायस्तरमा कोरोना संक्रमण देखिएपछि सतर्कता समेत उच्च बनाइएको छ । अझ लकडाउन खुलेसँगै सार्वजनिक सवारी समेत सञ्चालन हुन थालेपछि कोरोना संक्रमण फैलनसक्ने भन्दै यातायात व्यवसायी र प्रहरीले संयुक्त रुपमा सचेतना मूलक कार्यक्रम सञ्चालन गर्न शुरु गरेको इलाका प्रहरी कार्यालय बिर्तामोडका प्रहरी नायव उपरीक्षक मुकुन्द रिजालले बताए । नेपाल यातायात स्वतन्त्र मजदुर संगठनसंग सहकार्य गर्दै इलाका प्रहरी कार्यालय बिर्तामोड र जिल्ला ट्राफिक प्रहरी कार्यालय झापाले कोरोना भाइरसविरुद्धको सचेतना अभियान शुरु गरेको हो ।

झापाको काँकरभिट्टास्थित सीमाको सुरक्षाका लागि खटिएका २० जना सशस्त्र प्रहरीलाई समेत कोरोना संक्रमण देखिएपछि समुदायस्तरमा कोरोना संक्रमण फैलन सक्ने र यसले भयावह रुप लिने भन्दै अभियान सञ्चालन गरिएको बताइएको छ ।

मास्क नलगाई हिँड्ने सर्वसाधारणलाई मास्क लगाएर मात्र हिँड्न र सार्वजनिक सवारीमा यात्रा गर्दा आवश्यक मापदण्ड पूरा गरेर मात्रै यात्रा गर्न अनुरोध सहित आफूहरुले अभियान शुरु गरेको जिल्ला ट्राफिक प्रहरी कार्यालय झापाका प्रहरी निरीक्षक प्रकाश जवेगूले बताए ।

यातायात मजदुर आफैं रोग र भोकसंग जुधिरहेको बताउँदै नेपाल यातायात स्वतन्त्र मजदुर संगठनका सचिव देवीप्रसाद भट्टराईले लामो समयको वन्दावन्दीले यातायात क्षेत्र आफैंमा समस्याग्रस्त भएपनि यातायात सञ्चालन भएपछिको अवस्थामा यात्रुलाई सुरक्षित राख्न यसखाले अभियान सञ्चालन गरेको नेपाल यातायात स्वतन्त्र मजदुर संगठन झापाका सचिव भट्टराईको भनाइ छ ।

व्यवसायी र प्रहरीले सडकमा मास्क नलगाई हिँड्ने सर्वसाधारण र सवारी चालकलाई मास्क समेत निःशुल्क वितरण गरेको थियो । कोभिड-१९को बढ्दो संक्रमणलाई नियन्त्रण गर्न जिल्ला प्रशासन कार्यालय झापामा साउन १४ गते बसेको वैठकले समेत न्यूनतम् २ मिटरको दूरी कायम गरी मास्क र स्यानिटाइजरको अनिवार्य प्रयोग गर्ने र संक्रामक रोग ऐन २०२०को दफा ३ बमोजिम सार्वजनिक स्थलमा रहँदा वा हिँड्डुल गर्दा मास्क नलगाउने व्यक्तिलाई एक सय रुपैयाँ जरिवाना गर्ने निर्णय गरेको छ ।

जिल्ला प्रशासन कार्यालय झापाको निर्णयलाई कार्यान्वयन गर्न, गराउन समेत प्रहरी अहिले सडकमा छ । महामारीको बढ्दो जोखिमका कारण सबै नागरिक आफैं जिम्मेवार बन्दै सरकारले जोखिम न्यूनीकरणका लागि चालेको पहललाई पालना गर्न आवश्यक देखिन्छ ।

## फाक्तेप स्वास्थ्य चौकीमा ल्याव सञ्चालन

**युद्धबहादुर बोहोरा**

**पाँचथर, साउन १५।** फाल्गुनन्द-५स्थित घुर्विसे पञ्चमीमा रहेको फाक्तेप स्वास्थ्य चौकीमा वुधवारदेखि ल्याव सेवा सञ्चालनमा आएको छ ।

स्थानीय बासिन्दालाई स्वास्थ्य सेवामा सुविधा प्रदान गर्ने उद्देश्यले सुगर, युरिक एसिड, स्टुल, युरिन, किड्नी फङ्सन, लिवर फङ्सन, ब्लड (सीवीसी, इएसआर), एचआइभी, युडिआरएस, टीवीसहितका परीक्षण न्यूनतम् शुल्कमा सुचारु गरिएको र गर्भवती (एएनसी प्याकेज) लाई निःशुल्क परीक्षण गरिने स्वास्थ्य चौकीका निमित्त इञ्चार्ज कोपिला लिम्बूले जानकारी दिइन् ।

प्रमुख अतिथि गाउँपालिका अध्यक्ष वीरबहादुर कुरुम्वाङ तथा विशेष अतिथि प्रमुख प्रशासकीय अधिकृत अनिल तिखत्रीबाट उद्घाटन भएको उक्त ल्यावमा अतिथि लगायत चार जनाको ल्याव परीक्षण समेत गरिएको थियो । स्थानीयलाई स्वास्थ्य सेवामा थप सहज बनाउन तत्काल भिडियो एक्स-रेको सुविधा सञ्चालन गर्ने पालिकाको तयारी रहेको अध्यक्ष कुरुम्वाङले उद्घाटनमा बताए । प्रसूति सेवा संवेदनशील भएको हुँदा प्रत्येक वडामा यसलाई प्रभावकारी र विश्वसनीय बनाउन स्वास्थ्यकर्मीलाई सल्लाह दिँदै यस क्षेत्रमा पर्ने आवश्यकताको पहिचान गरी पालिकाले समस्याको समाधान गरिने प्रतिवद्धता जनाए ।

इलाम जिल्लाको फाकफोकथुम-१सँग जोडिएको यस वडाको स्वास्थ्य संस्थामा महिनामा करिव दुई सय ५० देखि तीन सय सम्म विरामीले सेवा लिने गरेको संस्थाले जनाएको छ । ओपिडी नियमित सेवातर्फ इञ्चार्ज लिम्बूसहित अहेव बालकृष्ण दाहाल, सुहानी चेम्जोङ कार्यरत छन् भने प्रसूतिमा (एसबीए) तालिम प्राप्त लक्ष्मी श्रेष्ठ र कल्पना राम छन् । हाल श्रेष्ठ गाउँपालिकाको काजमा खटिएकी छिन् । ल्याब शाखामा असिस्टेन्ट बालकुमारी चेम्जोङ र कार्यालय सहयोगी भीमादेवी चेम्जोङ गरी जम्मा छ जना स्टाफ रहेको अहेव दाहालले जानकारी दिए ।

यस पालिकामा जम्मा छ वटा स्वास्थ्य चौकी र दुई स्वास्थ्य इकाइ छन् । तीमध्ये वडा नं. २को इम्बुङ स्वास्थ्य चौकीमा यस अघि ल्याव सेवा सञ्चालन गरिएको छ । वडा नं. १ भौगोलिक हिसावले ठूलो भएको हुँदा एक स्वास्थ्य इकाई र एक स्वास्थ्य चौकी रहेको छ । अन्य वडामा एक-एक स्वास्थ्य चौकी छन् भने वडा नं. ७को स्वास्थ्य इकाइ भवन निर्माण सम्पन्न भइ उद्घाटनको तयारीमा रहेको अधिकृत तिखत्रीले जानकारी दिए ।

## नेविसंघद्वारा प्रजिअको ध्यानाकर्षण

**भद्रपुर, साउन १५।** कोरोना भाइरस संक्रमण समुदायमा फैलिएको आशंका बढिरहेका बेला भद्रपुर नगरपालिकाका सामुदायिक तथा निजी विद्यालयहरु सञ्चालनमा रहेको पाइएको छ ।

सरकारले अरु सबै क्षेत्र खुल्ला गरेपछि शिक्षा क्षेत्रका विषयमा निर्णय नगरेकै अवस्थामा भद्रपुर नगरपालिकाका निजी तथा सामुदायिक विद्यालयले ९ र १० कक्षाको पढाइ सञ्चालन गरेका हुन् ।

विद्यालय खुल्ला रहेको भन्ने सूचनाका आधारमा नेपाल विद्यार्थी संघ झापाले एमरल्ड एकाडेमी, एसएस निकेतन, प्रज्ञा एकाडेमी, विभूति विद्या मन्दिर, इस्ट पोइन्ट अंग्रेजी स्कूल लगायतका विद्यालयको अनुगमन गरेको थियो । अनुगमनका क्रममा मास्क, सेनिटाइजर लगायत प्रयोग गरेरै कक्षा सञ्चालन गरिरहेको पाइएको नेविसंघ झापाका सभापति राजेन्द्र उप्रेतीले जानकारी दिए ।

नेविसंघ झापाका अनुसार भद्रपुर नगरपालिका शिक्षा शाखाले निर्णय गरेरै विद्यालय सञ्चालन ल्याइएको हो । कोरोना भाइरसको जोखिम बढिरहेको अवस्थामा सामुदायिक र निजी विद्यालयहरु सञ्चालनमा रहेको पाइएपछि नेविसंघ झापाले विद्यार्थीहरुको स्वास्थ्यलाई प्राथमिकतामा राखेर तत्काल बन्द गर्न प्रमुख जिल्ला अधिकारीसँग माग गरेको छ ।

नेविसंघ झापाको टोलीले प्रमुख जिल्ला अधिकारी उदयबहादुर रानामगर, प्रहरी प्रमुख कृष्ण कोइराला र जिल्ला शिक्षा समन्वय इकाई झापाका प्रमुख जयप्रसाद महतलाई भेटेर विद्यालय सञ्चालन भइरहेकोबारे जानकारी गराउँदै प्रशासनिक निकाय तथा जिल्ला कोरोना संक्रमण जोखिम नियन्त्रण तथा अनुगमन समितिका संयोजक समेत रहेका प्रजिअको ध्यानाकर्षण गराइएको नेविसंघ झापाका सहसचिव मिलन चापागाईले जानकारी दिए । नेविसंघको टोलीसँग कुरा गर्दै प्रजिअ रानाले विद्यालय सञ्चालन सरकारी निर्णय विपरीत भएको जनाउँदै तत्काल बन्द गराउने आश्वासन दिए ।

यसैबीच विद्यालय सञ्चालनका विषयमा भद्रपुर नगरपालिकाका उपमेयर चन्द्रा श्रेष्ठले आचार संहिता लागू गरेर केही विद्यालयहरुले कक्षा सञ्चालन गरिरहेको जानकारी दिए ।

'हामीले माथि पनि सम्पर्क गरेका हौं'- श्रेष्ठले भने- 'कोरोना संक्रमणको जोखिम कम रहेका क्षेत्रमा आचारसंहिता पालना गरेर विद्यालय सञ्चालन गर्न सकिने भन्ने कुरा आएपछि हामीले सञ्चालन गर्न भनेका हौं ।' उनका अनुसार विद्यालय सञ्चालनका लागि नगरपालिकाले पनि आचारसंहिता लागू गरेको छ ।

यता भद्रपुर नगरपालिका शिक्षा शाखाका प्रमुख प्रेम भुजेलले भने नगरपालिकाले विद्यालय सञ्चालनका लागि औपचारिक निर्णय नगरेको जानकारी दिए । निजी तथा सामुदायिक बिद्यालयका प्र अ, राजनीतिक दलका प्रतिनिधि, नगरपालिकासहितको संयुक्त बैठकपछि तयार पारिएको आचारसंहिता पालना गरेर अभिभावक समेतको राय लिई विद्यालय सञ्चालन गर्न भनिए पनि औपचारिक निर्णय नगरिएको भुजेलले बताए ।

### सुधार ...

जानकारी दिए । गत असार १३ गते उक्त सुधार केन्द्रमा पुऱ्याइएका उनी असार १५ गते सुधार केन्द्रको झ्यालको सिसा फुटाएर भागेका थिए । भागेका खरेललाई साउन ३ गते पुनः सोही सुधार केन्द्रमा ल्याइएकोमा उनले सोही दिन सिसा फुटाएर आफ्नै पेटमा प्रहार गरेको प्रहरीले जनाएको छ ।

तत्काल उनलाई उपचारका लागि बिर्तामोडस्थित बिर्तासिटी हस्पिटल पुऱ्याएको र त्यहाँ उपचार सम्भव नभएपछि बिराटनगर लागिएकोमा उपचारकै क्रममा नोबेल अस्पतालमा मृत्यु भएको प्रहरी नायब उपरीक्षक थापाले बताए ।

### बजेट ...

ज्ञापन पत्रमा बिगतमा पनि यस्तै प्रचलन रहेको र गतवर्षको सर्वदलीय छलफल पश्चात अब उप्रान्त सर्वपक्षीय छलफल पछि मात्र वडाको बजेट निर्माण गर्ने वडाध्यक्षको प्रतिबद्धता यस वर्ष पनि कार्यान्वयन नभएको हुँदा अविलम्ब सच्याउन माग गरिएको छ ।

वडाको बजेट जस्तो गम्भीर विषयमा जबरजस्ती अघि बढ्ने कार्य भएमा कडा आन्दोलन गर्ने चेतावनी दिँदै यस विषयमा गम्भीर नभए तीन दलका प्रतिनिधिहरु वडाका कुनै पनि गतिविधिहरुमा सहभागी नहुने समेत ध्यानाकर्षण गराइएको नेपाली कांग्रेस मेचीनगर-१४का वडासचिव लक्ष्मी घिमिरेले बताए । मेचीनगर नगरपालिकाले सबै वडाहरुलाई चालू आर्थिक वर्षका लागि एक करोड रुपैयाँ बराबरको बजेट तथा कार्यक्रमको सिलिङ्ग तोकेको बुझिएको छ ।

### सुराकी ...

प्रहरीले सुराकी पुरस्कारवापत छ लाख ३४ हजार आठ सय पाँच र कमिशन प्रतिवेदन पुरस्कारवापत आठ लाख ३४ हजार आठ सय ३२ रुपैयाँ गरी कूल १४ लाख ६९ हजार छ सय ३७ रुपैयाँ प्राप्त गरेको हो । भन्सार गस्ती टोलीले एक लाख ६९ हजार सात सय ३३ रुपैयाँ प्राप्त गरेको छ ।

कार्यालयका सूचना अधिकारी भन्सार अधिकृत भरतराज अधिकारीका अनुसार त्यो वर्ष कार्यालयमा चोरी पैठारी निकासीका छ करोड १८ लाख ३६ हजार दुई सय ८९ प्रतिवेदन मुल्य बराबरका कूल पाँच सय १८ वटा मुद्धा भएका थिए । ती मध्ये तीन सय ८१ वटा मुद्दा लिलामी हुँदा दुई करोड २२ लाख ३७ हजार चार सय ७१ रुपैयाँ राजश्व संकलन गरेको भन्सार अधिकृत अधिकारीले बताए ।

सबभन्दा बढी नेपाल प्रहरीले तीन करोड ५३ लाख १० हजार छ सय ६६ रुपैयाँ बराबरको दुई सय ८१ वटा मुद्दा कार्यालयमा दर्ता गराएको थियो । त्यसैगरी, सबैभन्दा कम भन्सार कर्मचारीले २१ लाख ९४ हजार आठ रुपैयाँ प्रतिवेदन मूल्य बराबरका ४८ वटा तथा भन्सार राजश्व गुल्मले एक करोड २५ लाख एक हजार पाँच सय ८८ प्रतिवेदन मूल्यका ६९, सशस्त्र प्रहरीले एक करोड १८ लाख ३० हजार २७ रुपैयाँ मूल्य बराबरको एक सय २० वटा चोरी पैठारी निकासीका मुद्दा गराएको थियो ।

### बिर्तामोडमा ...

नेपालमा सरसफाई प्रवर्द्धनका क्षेत्रमा विस्तारै उपलब्धीहरु हासिल हुँदै आएता पनि अझै पनि देशका करिब ५७ प्रतिशत जनता चर्पीको आधारभूत सुविधाबाट टाढा रहेका छन् । खानेपानीमा पहुँच पुगेका जनता ८०% रहेको नेपाल सरकारले तयार गरेको सरसफाई गुरुयोजनामा उल्लेख छ । सरसफाइमा पहुँच पुगेका जनता जम्मा ४३.% मात्र रहेको तथा खानेपानी र सरसफाइको पहुँचमा ३७%को फरक भएको हुनाले खानेपानी र सरसफाईको सेवाहरुवाट प्राप्त हुन सक्ने जनस्वास्थ्य सम्बन्धी लाभ अपेक्षीत रुपमा हासिल गर्नु ठूलो चुनौतिको रुपमा रहेको प्रतिवेदनमा उल्लेख छ । गरिब, उपेक्षित तथा सिमान्तकृत समुदायहरु यसबाट सबैभन्दा बढी प्रभावित छन् । तीमध्ये बालबालिका र महिलाको अवस्था अझ नाजुक रहेको छ ।

शहरी क्षेत्रमा सरसफाइ हुन नसक्दा फोहोरजन्य सरुवा रोगको उच्च जोखिम हुने र त्यसबाट पनि सबैधन्दा धेरै प्रभावित महिला तथा बालबालिका नै हुने भएपछि मन्त्रालयले देशका १७ स्थानमा आयोजना सञ्चालन गर्न लागेको जनाइएको छ ।

सरसफाइ गुरुयोजनाका मार्गदर्शक सिद्धान्त अनुरुप केन्द्रीय सरकार, स्थानीय निकाय, दातृ निकाय, सम्बद्ध अन्तर्राष्ट्रिय र गैरसरकारी संस्थाहरुले एकीकृत रुपमा पूर्ण सरसफाइका लागि योजना, कार्यक्रम, लगानी र कार्यान्वयन गर्न जिल्ला, न.पा. र गाविस तहमा बनाइने रणनीतिक योजना/कार्ययोजना हो । जिल्ला आवधिक योजनामा पनि सरसफाइ र स्वच्छता अभिवृद्धि गर्ने क्रियाकलापहरु रहने बताइएको छ । जसलाई गाउँपालिका, नगरपालिका र जिल्ला समन्वय समितिले उपयुक्तताका आधारमा वार्षिक रुपमा कार्यक्रमहरु गर्दै आएको छ ।

नेपालका शहरी क्षेत्रका १२% घरधुरी ढल प्रणाली वा खुला ढलमा जोडिएका छन् । शहरी क्षेत्रका घरधुरीबाट प्रतिदिन प्रतिव्यक्ति ०.४८ किलोग्राम फोहोरमैला उत्पन्न हुन्छ । यस दरलाई आधार मानेर हेर्दा शहरी घरधुरीले प्रतिदिन १,९५८ टन वा प्रतिवर्ष सात लाख टन फोहोरमैला उत्पन्न गर्छ ।

उत्पन्न कूल फोहोरमैलामध्ये ८३% घरायसी तह ११% कृषिजन्य र ६% उद्योगधन्दा बाट उत्पन्न हुने अनुमान गरिएको छ । नेपालमा उत्पन्न हुने कूल फोहोरमध्ये २९% काठमाडौं उपत्यकामा मात्र उत्पन्न हुन्छ । उत्पन्न हुने आधाभन्दा बढी फोहोर संकलन नै हुँदैन । करिव ४५% शहरी वासिन्दालाई फोहोर मैला संकलन प्रणालीको सुविधा प्राप्त हुन्छ । ढलबाट प्रवाहित हुने तरल फोहोर प्रशोधन नगरी सिँधै नदी नालामा फालिन्छ सरकारले तयार गरेको प्रतिवेदनमा उल्लेख छ । तर, देशका ठूला सहरमा यसखाले आयोजना सञ्चालन गरिएसंगै फोहोरमैला व्यवस्थापनमा सहयोग पुग्ने बताइएको छ ।

### झापामा ...

पोजिटिभ आएको जिल्ला स्वास्थ्य कार्यालय झापाका फोकल पर्सन जीवन चम्लागाँईले बताए । संक्रमितलाई उपचारका लागि वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरान पठाइएको स्वास्थ्य कार्यालय झापाले जनाएको छ ।

यसअघि सशस्त्र प्रहरी वल काँकरभिट्टाका २० जना सशस्त्र प्रहरी संक्रमित भइसकेका छन् । झापामा विहीवार नै अर्की एक महिलामा पनि कोरोना संक्रमण देखिएको छ । दमक नगरपालिका वडा नं. ५ निवासी एक महिलामा संक्रमण पुष्टि भएको हो । भारतबाट फर्किएकी ४३ वर्षीया ती महिला होम क्वारेन्टाइनमा बसेकी थिइन् । योसंगै झापामा कोरोना संक्रमितको संख्या ३५५ पुगेको छ ।







## बिर्तामोड नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय,**

**बिर्तामोड, झापा**

# प्राविधिक सहायक करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना

**प्रथमपटक प्रकाशित मिति: २०७७।०४।१५**

बिर्तामोड नगरपालिकाको रोजगार सेवा केन्द्रको लागि आवश्यक प्राविधिक सहायक पद करारमा पदपूर्तिका लागि निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले १५ दिनभित्र माग बमोजिमका विवरण र राजश्व तिरेको रसिदसहित यस कार्यालयमा निवेदन दिनुहुन अनुरोध छ ।

| क्र. स. | विज्ञापन नं. | पद | तह | उमेर | संख्या | न्युनतम शैक्षिक योग्यता | परिक्षाको किसिम | परिक्षा दस्तुर |
|---|---|---|---|---|---|---|---|---|
| १ | १-२०७७/०७८ | प्राविधिक सहायक | स्थानीय सेवाको पाँचौं तह सरह | १८ बर्ष पुरा भई ४५ बर्ष ननाघेको | १ | सिभिल इन्जिनियरिङमा प्रविणता प्रमाण पत्र तह वा ओभरसियर वा डिप्लोमा तह उत्तीर्ण | प्रारम्भिक योग्यता क्रमको सूची प्रकाशन र लिखित परिक्षा | रु.५०० |

**१) अनुभव र सीप**

- कम्तीमा ३ महिने तालिम लिई आधारभूत कम्प्युटर सीप भएको
- पूर्वाधारको निर्माण र मर्मतको लागि आयोजनाको लागत अनुमान, सुपरिवेक्षण र अन्तिम लागत विवरण तयार गर्न सक्ने र विश्लेषण गर्न सक्ने, आयोजनाको लक्ष्य र परिणाम हासिल गर्न टोलीमा काम गरेको अनुभव, पारस्परिक सम्बन्ध सम्बन्धी सीपसहित कम्तीमा ६ महिनाको अनुभव भएको ।

**२) दरखास्त दिने स्थान** – बिर्तामोड नगरपालिकाको कार्यालय **३) दरखास्त दिने अन्तिम मिति** – २०७७।०४।२९

**४) आवेदन साथ संलग्न कागजातहरु** – आवेदक स्वयम्ले प्रमाणित गरेको देहाय बमोजिमको कागजातको प्रतिलिपिहरु

- नागिरकता प्रमाणपत्रको प्रतिलिपि
- न्यूनतम् योग्यताको प्रमाण पत्र
- अनुभव खुल्ने कागजात
- २ प्रति पासपोर्ट आकारको फोटो

**५) सेवा सुविधा** – गाउँपालिका तथा नगरपालिकामा प्राविधिक सहायक पदपूर्ति सम्बन्धी प्रक्रियाको दफा (११), (१२) र (१३) बमोजिम हुनेछ ।

**६) सम्पादन गर्नुपर्ने कार्य विवरण**– गाउँपालिका तथा नगरपालिकामा प्राविधिक सहायक पदपूर्ति सम्बन्धी प्रक्रिया को दफा (९) बमोजिम हुनेछ ।

७) करार अवधि – करार अवधि १ बर्षको हुनेछ । कार्यसम्पादन र मूल्यांकनका आधारमा प्रत्येक आर्थिक बर्षमा अवधि तोकी सेवा करार नवीकरण हुन सक्नेछ ।

***नोट – आवेदनको ढाँचा र प्राविधिक सहायक पदको कार्य विवरण, पाठयक्रम लगायत अन्य जानकारी www.pmep.gov.np वा www.birtamodmun.gov.npमा उपलब्ध छ ।***

श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित – कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ उप सम्पादक : तुलसीप्रसाद निरौला ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ प्राविधिक : बद्री महतारा
■ प्रोसेसिङ : गोपाल मण्डल ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com /purwanchal@ntc.net.np

पूर्वाञ्चल

सम्पादकीय

## परीक्षण व्यापक गर

**पीसीआर परीक्षण व्यापक गर्न माग भइरहेका बेला सरकारले लकडाउन खोल्ने र परीक्षण कम गर्दै लाँदा जोखिम उच्च भएको छ । सरकार आफैले तिर्नुपर्ने कर, राजश्व, दायित्व तत्काल बुझाउन निर्देशन दिएपछि बन्दाबन्दी सरकारकै तर्फबाट उल्लघंन भएको आरोप पनि लागेकै हो । प्रत्येक दिन दश हजार पीसीआर परीक्षण गर्ने घोषणा गरेको सरकारले एकदिन पनि त्यसको अनुशरण गरेन । त्यसमाथि लकडाउन खुकुलो गर्दै पूरै खोलेपछि आवागमन, भीडभाड, सवारीको चाप र यात्रुहरुको लापरवाही बढ्नु अस्वभाविक पनि भएन । हामीमा स्वास्थ्य सतर्कता र सुरक्षा मेरै लागि हो भन्ने चेतना जागृत नहुञ्जेलसम्म सरकारद्वारा घोषित मापदण्ड '....के जातिको धोती' भइरहन्छ ।**

**देशको अर्थतन्त्रसँगै जनजीवन नै ठप्प भएको भन्दै खोलेको लकडाउन पछि कोरोना संक्रमितहरुको संख्या ह्वात्तै बढ्यो । शहर–बजारहरु कोरोनामुक्त भए सरह खोलिँदा मानिसहरुको चाप पनि अनियन्त्रित हुन थाल्यो । कोरोना रोकथाम र नियन्त्रणका लागि भनिएको भौतिक दूरी कायम गर्न आवश्यक ठानिएन । जनसंख्या धेरै भएका कारण सरकारी, गैरसरकारी कार्यालयहरुमा सेवाग्राहीको भीड थामिनसक्नुभयो । सरकारकै निर्देशनमा खुल्ला गरिएका कार्यालयहरुमा सुरक्षा सतर्कताको पालना गरिएको छैन । जसका कारण संक्रमण व्यापक हुने र नियन्त्रण गर्न चुनौति थपिने निश्चित भएको छ । अझ निजी सवारीसाधन खुल्ला गरिएपछि त्यसमै कोचिएर यात्रा गर्ने र पछि 'मापदण्ड' कायम गर्न भन्दै सार्वजनिक सवारी नै खुल्ला गरिएपछि कोरोना र जोखिम नियन्त्रणभन्दा बाहिर जाँदैछ ।**

**यही जटिलताकाबीच झापा जिल्ला प्रशासनले सडकमा अनावश्यक घुमफिर नगर्न, गर्नैपरे दूरी कायम गर्न, स्वास्थ्य सुरक्षा अपनाउन आग्रह गरेको छ । उसले घरबाट मास्क नलगाई निस्कनेलाई एक सय रुपैयाँ जरिवाना गर्ने निर्णय गरेको छ । राम्रा मुखले सम्झाउँदा नबुझ्नेलाई आर्थिक दण्ड दिनैपर्छ । त्यसले मात्र नियमको पालना गर्न बाध्य बनाउँछ, त्यसैले दण्ड पाँच गुणा बढाउनु चैं कोरोना नियन्त्रणका लागि सहायक बन्न सक्छ । सवारी खुल्ला गर्नासाथ राजधानी काठमाडौं उपत्यका कोरोना संक्रमणको उच्च तहमा पुगेको छ । दिनहुँ संक्रमितहरु बढ्ने क्रममा छन् । अनि पनि पीसीआर परीक्षणको दायरा बढाएकै छैन । यसले संक्रमण समुदायमा पुर्‍याउन र महामारी आम संक्रमणका रुपमा फैलिने जोखिम बढेको छ ।**

**जबसम्म पीसीआर परीक्षण आमरुपमा गरिँदैन, तबसम्म यसको रोकथाम र नियन्त्रण सम्भव छैन । त्यसैले परीक्षण व्यापक बनाउँदै बन्दाबन्दीलाई नै प्रतिरक्षाको मुख्य उपायका रुपमा कार्यान्वयन गरिनु पर्दछ । त्यसो गर्न सरकारले ऐश, आराम र भोगविलाशका वस्तुमाथिको खर्च कटौती गर्नुपर्छ । जनप्रतिनिधिहरु सुविधाभोगी होइन, सेवामुखी बन्नु पर्दछ । देशको पहिलो धन जनता नै हुन् । त्यसैले तिनको रक्षा राज्यको पहिलो दायित्व हुनुपर्छ । जनताको जीवन रक्षा गरेमात्र पूर्वाधारको निर्माण र विस्तार गर्न सकिन्छ । त्यसैले पनि राज्यले सबै काम छाडी फैलिँदो कोरोनाजन्य महामारी रोकथाम, नियन्त्रण र उपचारमा मनबाटै लाग्नु पर्दछ । अन्यथा देशको समृद्धिको प्रतिबद्धता, नीति र कार्ययोजनामै सीमित रहन्छ । त्यसतर्फ सरकार र सम्बद्ध निकाय गम्भीर बनोस् ।**

# समस्याको स्थिति र गत्यात्मक समाधान



नुमनाथ प्याकुरेल विनोद

समस्या संसारको सार्वभौम सत्य हो । समस्या हुनु नै, समस्या होइन, तर राज्य, समाज, समुदाय, संगठन तथा व्यक्तिहरु समस्याप्रति उदासिन बन्नु र एउटा सांस्कृतिक समुदाय, आर्थिक वर्ग तथा व्यक्ति दिर्घकालीन समयसम्म अन्याय, शोषण, अत्याचारको सिकार बन्ने स्थिति कायम रह्यो भने चाहिँ, त्यो खास समस्या हो ।

अविद्या र विद्या जस्तै, समाजका संस्कार र कुसंस्कार दुबै समाजका सत्यतथ्य हुन् । संसारका सबै समाज सरह, नेपाली समाज पनि समस्याबाट अछुतो छैन । जहाँ समस्या त्यहाँ समाधान भने जस्तै, प्रत्येक समस्याको स्थिति-गत्यात्मक समाधान सम्भव छ । दुविधा मात्रै, घृणा र निषेधको बिधिबाट समस्याको निधान गर्ने की, समन्वयात्मक सहृदयताको विधिबाट समाधान गर्ने, भन्नेमा हो । आधुनिकताका नाममा होस अथवा लोकतन्त्रका नाममा होस, यतिन्जेक, कपु तन्त्रका नायिकेहरुले संस्थागत गरेको निशेध, प्रतिशोध, घृणा, प्रतिक्रियात्मकता नै हो । आजसम्म त्यसैको अभ्यास हामीले देखेका र भोगेका छौं । हामीले विद्यमान समस्याहरुको समाधानमा मौलिक पद्धतिको समाधान कहिलै सोचेनौं, कहिलै अनुसन्धान गर्ने चासो दिएनौँ । संसार हेरेर आफ्नै ढंगले कर्म गरेनौँ र हामी त्यहीं चुक्यौं ।

आजसम्म हामीले हाम्रा समस्या समाधान गर्न त्यताको विधिबाट पो हुन्छ कि, यताको विधिबाट हुन्छ कि, उताको विधिबाट हुन्छ कि भनि एकपछि अर्को परिक्षण गर्दै गयौं । एकपछि अर्को विधर्मी मूल्य, मान्यता, आदर्श तथा प्रतिमानको डंगुर लगाएकै कारण हाम्रो समाजमा समस्याको ऐंजेरु पलाएको निश्चित हो । हाम्रो समाजलाई खेलमैदान तल्याएर जोसुकैलाई उफ्रन, दौडन र खेल्न स्वतन्त्रता दिएको पनि निश्चित हो । अस्ति एउटा दिसाका गुप्तचरहरु दौडन्थे, अहिले अर्को दिसाका गुप्तचर त्यसैगरी दौडधुप गरिरहेका छन् । दोडिने त दौडिए, ती हाम्रा होइनन्, तीनलाई हामीले सधैं धान्नुपर्ने होइन, यी भातमाराहरुलाई चाहीँ भएको के हो ? यी रक्सीको नसामा छन् कि, भाङ्गो नासामा छन् ? लाज, सरम, डर, त्रास र भय यिनलाई नभएको देख्दा यी अब साधारण मानिसको दर्जामा छन् भन्न नसकिने स्थिति भयो । अझै समय छ, हामी अरुको प्रभावबाट आफ्नो स्वभावमा फर्कने । आरोप-प्रत्यारोपणको अन्त्यहीन शृंखलाबाट जवाफदेहीताको स्वक्रियात्मक अग्रसरतामा फर्कने ।

नेपाली समाजको सामाजिक, सांस्कृतिक, आर्थिक, राजनीतिक संरचना र क्ष्यदमभेषी विद्वान, सामाजसेवी, राजनीतिज्ञ, अर्थविद्लाई चिन्न र जान्न नसकेकै कारण हामी अझै गम्भीर जटिलतामा फस्दैछौं । प्रचलित प्रतिमानका सबै ब्राह्मणहरु शोषक होइनन्, सबै दलित शोषित छैनन् । सबै पहाडे सामन्त र सबै मधेसी सर्वहारा पनि छैनन् । समस्या त शोषक र शासित, सामन्त र सर्वहारा ठम्याउने मापक प्रतिमानमा पो छ । हाम्रो प्राचीन ज्ञान परम्पराबाट अविच्छिन्न रुपमा स्थिति-गत्यात्मक प्रगति उन्मुख भएर अघि बढेको ज्ञान परम्पराको एउटा उदारहण नागरिक तथा राजनीतिक अधिकार प्रयोग गर्ने व्यक्तिले र धार्मिक तथा सांस्कृतिक अधिकारको प्रयोग गर्ने समुदायले हो । सांस्कृतिक पहिचान समुदायको हुन्छ र नागरिक अधिकार सम्पन्न व्यक्ति हुन्छन् । तर, कसको कुन अभिष्ट पूरा गर्न अथवा पूरा गरिदिन, समुदाय र सम्प्रदायलाई सार्वभौम सत्तको आकांक्षी बनाइँदैछ ?

थुप्रै आधिकारिक तथ्य र प्रमाणका आधारमा, नेपालको इतिहास ५००० बर्षभन्दा पुरानो हो । तर, सत्ता केन्द्रित तथा सत्तावृत्तका कपुतन्त्रिय नेतृत्वको सत्ता प्राप्त गर्न र तत्कालीन राजसंस्थासँग प्रतिशोध र प्रतिद्वन्द्विता गर्न नेपालको इतिहासलाई २४० बर्षको इतिहासमा सिमित गरिदिएका छन् । सार्वभौमसत्ताको स्थिति-गत्यात्मक हस्तान्तरणका कारण हामी भारत बर्ष तथा आर्यव्रतका अखण्ड उत्तराधिकारी हौं । शिल्पी समुदाय जसलाई



दलित पनि भन्ने गरिएको छ, शोषण र विभेदको सिकार भएको कुरामा कुनै विमति छैन । सार्वभौम समस्याहरुको पहिचानमा सहमति छ, तर असमझदारी समस्या समाधानमाको विधिमा छ । समस्या समाधानमा विविधताका प्रत्येक एकाईहरुको सांस्कृतिक पहिचान पनि संस्थागत हुनपर्छ र जुनसुकै मौलिक तथा रैथाने समुदायमा लागेको घृणा, शोषण, अन्याय, निशेष तथा हिंसाको अवशेष पनि अन्त्य हुनुपर्दछ ।

समास्या समाधानमा घृणा, हिंसा, द्वेश, क्लेश, प्रतिषोध तथा सबै रुप र सारका शोषण संस्थागत हुने कुनै पनि विधि स्वीकार्य हुने छैन । समस्या समाधान गर्ने भनेर, एक समुदायलाई लाल्छना लगाएर, द्वेश तथा क्लेश राखेर अघिबढ्ने पद्वति प्रति असहमति छ । समाजिक संरचनाका केही मक्काएका जरोहरु उखेलेर फाड्नैपर्ने छन् । फाल्नुपर्ने जारा चाहिँ जोगाउने र जोगाउनुपर्ने जरा चाहिँ फालिएला कि भनेर, प्रयोगिक अनुसन्धानको विधिबाट तिनको पहिचान गरी, आम सर्वसाधारणको व्यक्तित्व बिकास गर्दै, प्रत्येक सदस्यले परिवर्तनको स्वामित्व ग्रहण गर्ने ढंगले शान्तिपूर्वक गरिने प्रत्येक परिवर्तन स्वागत योग्य हुनेछन् । निरंकुसाताकाविरुद्ध समेत अलोकतान्त्रिक, निषेधात्मक, प्रतिक्रियात्मक तथा प्रतिषोधात्मक नीति तथा व्यवहार अस्वीकार्य छ ।

लहैलहैमा कागले कान लग्यो भनेर कान नछामि कागको पछि दौडिए जस्तै, एकपछि अर्को गलत सिद्वान्त, अवधारणा, मूल्य, मान्यता, आदर्श तथा प्रतिमान स्वीकार्दै र समाजिक संरचनाको अविवेकीपूर्ण ढंगले परिवर्तन गर्ने परिवर्तन गरिएकै कारण आज सबै किसिमका सम्बन्धका आधार घृणा, निषेध तथा प्रतिक्रियात्मक बन्न गएका छन् । 'जैसा करनि वैसा भरनी' भने जस्तै तितेपातीको बोटमा अंगुरको हाम्रा अपेक्ष पूरा नभएका हुन् भन्ने कुरामा अब दुईमत रहेन । गलत सिद्वान्त तथा अवधारणको पक्षपोषण गरेकै कारण इमान्दार, सदाचार, स्वाभिमानी, दुरदर्शी, विवेकी तथा उत्कृष्ट पात्रत्वको दुर्दशा यतिन्जेल गरिँदैछ ।

संघीय लोकतान्त्रिक गणतन्त्रको स्याहार-सुसार कसरी भइरहेको छ ? जनआन्दोलनका उपलब्धिहरुको संरक्षण गर्न कस्ता पात्रहरुलाई अगाडि सारिँदैछ । कस्ता हातहरुले, कुन भोजन खुवाएर हुर्काइँदैछ ? कस्ता सिद्वान्त र प्रतिमान संस्थागत गरिँदैछ ? सामाजिक, सांस्कृतिक, जातीय, जनजातीय घृणात्मक कित्ताकाट र ध्रुवीकरणले हिंसाको कुन स्वरुप लिँदैछ ? समाज र समुदायको बिखण्डनका आधारशिलाहरु कसरी निर्माण हुँदैछन् ? राज्यसत्ता र राजनीतिलाई कसरी दुरुपयोग गरिँदैछ ? विद्यमान समस्याहरुको समाधानका लागि कसैले केही, प्रयत्न गर्दैछ की छैन ?

परिवर्तनका नाममा गरिएका परिवर्तनहरु आखिर कुनै स्वार्थी जमातको सत्ता आरोहणका कोशेढुंगा रहेछन्, भनेर हाम्रा आँखा च्यातेर देखाइ दिएकै छन् । हामीलाई पटमुर्ख बनाएर, लडाएर, मर्न र मार्न अग्रसर गराएर, आफ्ना छोराछोरीलाई छिमेकी देशका विश्वविद्यालयमा छात्रवृत्तिमा पढ्न पठाएको तथा सत्ता आरोहणमा आफ्नो गुटमा आक्रषण गर्न आर्थिक सहयोग पुर्‍याएको गुण, राज्यको निर्णय निर्माणमा तिनका एजेण्डाहरुलाई पहिलो प्राथमिकतामा राखेर कस्तो राजधर्म निर्वाह गर्दैछन् ? अति भनेको अति नै हो, निरक्षिर विवेक लगाएर महत्वपूर्ण घटनाक्रमहरुको सिंहावलोकन गरौं ।

आन्तरिक समस्या समाधानमा खुलेआम, विदेशी शक्तिकेन्द्रका नायिकेहरुलाई घर-घरमा स्वागत गरेर कस्तो अकर्मण्यता, असक्षमता त लाचारीपनको सार्वजनिक प्रदर्शन गरिँदैछ ? न नीति, न योजना, न लक्ष्य, न कार्य पद्वति, सुज्नु न बुझ्नु लखरलखर कुद्नु भने जस्तो, परिवर्तनका नाममा प्राचीनतासँग स्थिति-गत्यात्मक प्रगति गर्दै अघि बढेको ज्ञान प्रणालीको प्रतिकुल हुने गरी, समाज, संस्कृति र सभ्यताको छारो उडाएको दिनदहाडै देख्दा, प्रष्ट हुन्छ यिनको खोल मात्रै नेपालीको रहेछ, काम त विदेशी विधर्मी षडयन्त्रकारीको लागि पो गर्ने रहेछन् । हेर्दाहेर्दै सामाजिक सद्भाव र सहृदयता कसैको मृत्युमा ढोङ रच्न र गोहीका आँशु झार्न मात्रै सिमित बन्दैछ । जाति, जनजाति, भाषिक, धार्मिक, प्रादेशिक समुदायाका आधारमा नेपाली समाज ध्रुविकृत हुँदैछ । एककाविरुद्ध अर्कोलाई भड्काइँदैछ । बाह्रमासे घृणाको बिज रोपेर अंकरित गरिँदैछ । नेपाली समाजमा विधर्मी र गतार्थ भइसकेका सिद्वान्तहरुको भजन गाउँदै, समाजका क्ष्यदम्भेषी विध्यावारिधी गरेका विद्वानहरु आठ कक्षा फेल गरेका, भ्रष्टाचार र व्यभिचारमा चुर्लुम्मै डुबेका नालायक र पराई प्रतिमानका प्यादा नतृत्वहरुका घर, आँगन, चोटी र दलानमा आफ्नो नियुक्ति र बढुवाका लागि चाकडी र चाप्लुसी गर्ने परिस्थितिको अन्त्य गरी, अनुसन्धान, उद्यमशिलता र विकासको कार्य पद्वति नस्वीकारुन्जेल नेपाली समाजको विद्यमान परिस्थिति सुधार हुने देखिँदैन ।

नेसन्देह, अबको लक्ष्य वैज्ञानिक सत्ययुगको हो । वैज्ञानिकतायुक्त धर्म र धार्मिकतायुक्त विज्ञानको दृष्टिकोणबाट विज्ञानको बुद्धि, प्रविधिको प्रगति, धर्मको विवेक र सहृदयताको सम्बन्धको आधारशिलाबाट मात्र हामी विद्यमान समस्याको कार्यकारण सम्बन्ध बुझ्न सक्दछौं । सामुहिक नेतृत्व स्वीकार्नु भनेको दलभित्रका गुटहरुलाई वैधानिकता दिनु हो । स्वीकार्नुपर्ने संगठन पद्वति विशिष्ट नेतृत्व, सामुहिक कृतित्व र संस्थागत स्वामित्व श्रेयस्कर हुन्छ । आजका सत्ता केन्द्रित राजनीतिक दलहरु दह्रो प्रतिस्पर्धी र प्रतिद्वन्दी राजनीतिक रंगमञ्चमा प्रवेश नगरेका कारण, लाजैगाजै कहिले यसको र कहिले उसको सरकार र सत्ता आरोहण सम्भव भएको छ । यिनले सिक्न, जान्न, बुझ्न, अध्ययन गर्न धेरै बाँकी छ । शिक्षित, प्रशिक्षित र दिक्षित नेतृत्व राजनीतिमा स्थापित नहुञ्जेल र नेपाली समाजको मूलधारलाई राजनीतिको मूल प्रवाहीकरणमा स्थापित नगरुञ्जेल नेपाल र नेपालीको अनुहारमा स्थायी खुशी, सुख, अमनचयन ल्याउन सकिँदैन ।

# कोरोना : बेसारको महत्व र वैज्ञानिक आधार

□ **डा. कोपिला अधिकारी**

*हरिद्रा कान्चनी पीता निशाऽऽख्या वरवर्णिनी ।*
*कृमिघ्नी हलदी योषित्प्रिया हट्टविलासिनी ॥१९६॥*
*हरिद्रा कटुका तिक्ता रूक्षोष्णा कफपित्तनुत् ।*
*वर्ण्या त्वग्दोषमेहास्रशोथपाण्डुव्रणापहा ॥१९७॥*
*- भाव प्रकाश निघंटू*

बेसारको संस्कृत नाम हरिद्रा, क्रिमिघ्नी, निशा हो । यसलाई अंग्रेजीमा टर्मेरिकरकरकुमा भनिन्छ । वज्ञानिक नाम करकुमा लंगा । आयुर्वेदका प्राचीन, अर्वाचीन र आधुनिक ग्रन्थहरुमा यसको प्रशस्त महिमा एवम् प्रयोग गरेको पाइन्छ । विशेषतः व्याधिक्षमत्व एवम् रोग प्रतिरोधात्मक क्षमता वृद्धि, प्रतिश्याय, प्रमेह, पाण्डु, व्रण, कृमी नाश, सौन्दर्य वृद्धि, छालाका रोगहरुमा यसको प्रयोग गरिन्छ । नसर्ने रोगको प्रकोपसँगै यसको प्रयोग एवम् महत्व एसियाली एवम् पश्चिमा मुलुकहरुमा पनि बढ्दै गएको पाइन्छ ।

आयुर्वेद अनुसार हरिद्राको गुण कर्मः रसः तिक्त, कटु, गुणः लघु, रुक्ष, विर्यः उष्ण, विपाकः कटु, दोषकर्मः कफपित्तशामक, प्रयोज्य अङ्गः कंद, मात्राः ताजा स्वरस १०-१२ मिली, चुर्ण १-२ ग्राम । अनुपानः तातो पानी, दूध । मुख्य रासानयिक घटक तत्वः कर्कुमिनोइड, ओलिओरेजिन, कर्कुमिन, उडनशील एवम् सुगन्धित तेल, ए-टरमेरन, एर-टरमेरन ।

हरिद्राको कर्म (फर्माकोलोजिकल एक्सन)ः आयुर्वेद सिद्धान्त अनुसार हरिद्राले लेखनीय, कुष्ठघ्न, विशघ्न कर्म गर्छ । आधुनिक अनुसन्धानबाट पुष्टि भए अनुसार हरिद्रामा ट्यूमर, क्यान्सरविरुद्ध लड्ने क्षमता हुन्छ । मष्तिस्कको ट्यूमर रोकथामका लागि बेसारलाई तातो दूधमा फेटेर खानु उत्तम मानिन्छ । शुद्ध कर्कुमिन आन्द्राबाट ६० देखि ६५ प्रतिशतसम्म शोषित हुन्छ । वैज्ञानिक सोधहरुमा प्रकाशित तथ्यांक अनुसार हरिद्रामा भएका रासायनिक तत्वहरुमा नाकको एलर्जी, घाँटीको संक्रमण, ब्रोंकाइटिस, नेत्राभिष्यंद, जीर्ण व्रण, ढुसीजन्य संक्रमण, क्यान्सरविरुद्ध लड्ने क्षमता हुन्छ ।

**रोग प्रतिरोधात्मक क्षमता वृद्धि गर्न हरिद्राको भूमिका**

हरिद्रामा रहेको कर्कुमिनोइड, ओलिओरेजिन, कर्कुमिन, उडनशील एवम् सुगन्धित तेल, ए-टरमेरन, एर-टरमेरनले शरीरमा व्याधिक्षमत्व र रोग प्रतिरोधात्मक क्षमता र इम्युनिटी पावर वृद्धि गर्न प्रमुख भूमिका खेल्छ । कोरोना संक्रमित व्यक्तिहरुको प्रयोगशाला परीक्षणबाट संक्रमणको पहिलो हप्तामा सेतो एवम् रातो रक्तकोषिका, हेमोग्लोबिनको संख्या घटेको पाइएको छ । जसले गर्दा संक्रमित व्यक्तिमा खतराका लक्षणहरु देखिन सक्छ । साथै रोगसँग लड्ने क्षमता राम्रो भएको व्यक्तिमा दोस्रो हप्तादेखि सो संख्यामा वृद्धि भएको र खतराका चिह्नहरु पनि नदेखिएको पाइएको छ । यसबाट रोगसँग लड्ने क्षमता वृद्धि गर्नु जरुरी भएको पुष्टि हुन्छ ।

यसअघि सन् २०१९ मा प्रयोगशालामा मुसामा गरिएको एक परीक्षणमा हरिद्रामा रहेको रोगसँग लड्ने क्षमता वृद्धि गर्ने तत्व कर्कुमिनको प्रयोगबाट एफ्लोटक्सिन नामक हानिकारक तत्वको प्रयोगबाट घटेको सेतो एवम् रातो रक्तकोशिका, प्याक्ड सेल भल्युमको संख्यामा वृद्धि भएको पाइएको छ ।



यसबाट खाद्य एवम् पेयपदार्थको साथमा हरिद्रा र बेसारको नियमित प्रयोगले शरीरमा रोग प्रतिरोधात्मक क्षमता वृद्धि गर्न मद्दत पुग्ने कुराको पुष्टि हुन् । आयुर्वेदका ग्रन्थहरुमा पाण्डु (आधुनिक चिकित्सा पद्धति अनुसार रक्ताल्पता)को अवस्थामा शरीर कमजोर भई रोगसँग लड्ने क्षमता घट्ने हुनाले सो अवस्थामा शरीरमा रक्त कोषिकाको वृद्धिका लागि हरिद्राको प्रयोग गरेको पाइन्छ । सो अभ्यास नियमित रुपमा आजका दिनमा पनि प्रभावकारी रुपमा गरिँदै आइएको छ ।

**भाइरसविरुद्ध हरिद्राको भूमिका**

विभिन्न अनुसन्धानबाट पुष्टि भए अनुसार हरिद्राको प्रयोग हेपाटाइटिस बी भाइरस, पारा इन्फ्लुएन्ज़ा भाइरस टाइप ३, रेस्पिरेटरी सिनसाइटल भाइरस (आएएसभी), इन्फ्लुएन्जा भाइरस पिआर८, एच१एच१, एच६एन१ विरुछ प्रभावकारी रहेको पाइएको छ । यसमा विशेषगरी कर्कुमिन लगायत रासायनिक सक्रिय तत्वको मुख्य भूमिका रहेको हुन्छ, जसले शरीरमा भाइरसको वृद्धि एवम् प्रभावलाई निस्तेज पार्छ ।

**कोभिड–१९ साग सम्बन्धित केही पछिल्ला अनुसन्धान**

हरिद्रामा रहेको कर्कुमिन तत्वले स्पाइक ग्लाइको प्रोटिनसँग सक्रिय रुपमा अन्तरक्रिया गर्ने हुनाले यसको बारेमा विभिन्न थप अनुसन्धानहरु भइरहेका छन् ।

**हरिद्राको नियमित सेवन सुरक्षित छ ?**

यस सम्बन्धी भएका केही अनुसन्धानबाट हरिद्राको नियमित सेवन सुरक्षित रहेको पाइएको छ । यसले कलेजोका कोषिकाहरुलाई निष्क्रिय हुनबाट जोगाउने तथ्य अनुसन्धानले देखाएको छ ।

**सावधानी**

पित्तथैलीको पत्थरी भएका, एस्पिरिन, वार्फारिनको नियमित सेवन गर्ने व्यक्तिले बेसारको सेवन सावधानीपूर्वक कम मात्रा गर्नुपर्छ ।

**निष्कर्ष**

कोरोना भाइरसको सन्दर्भमा कुरा गर्नुपर्दा यो नयाँ प्रजातिको भाइरस भएकोले हालसम्म यसको कुनै खोप वा निश्चित उपचार विधि पत्ता लागिसकेको छैन । यसको उपचारको क्रममा परीक्षणकै रुपमा विभिन्न मुलुकले फरकफरक किसिमका उपचार विधि प्रयोग गर्दै आएका छन् ।

विश्व स्वास्थ्य संगठनले पनि यसको उपचार विधि यही हो भनेर यकिन गरेर भन्न सक्ने अवस्था छैन । यस्तो अवस्थामा धेरै मुलुकले आ-आफ्नो मौलिक चिकित्सा पद्दतिको प्रयोगबाट आंशिक लाभ लिइरहेको अवस्था छ । उदाहरणको लागि छिमेकी मुलुक भारतले आयुर्वेद, योग र चीनले परम्परागत चिनियाँ उपचार पद्धतिको प्रयोगबाट कोरोना भाइरस एक्टिभ केस संख्यामा उल्लेखनीय गिरावट ल्याउन सफल भएका छन् ।

तसर्थ, हामीले पनि नेपालमा उपलब्ध हरिद्रा र बेसार, तुलसी लगायत भाइरसविरुद्ध सक्रिय औषधीय गुण भएका एवम् गुर्जो, अश्वगन्धा लगायत रोगसँग लड्ने क्षमता बढाउने खालका जडिबुटीको नियमित सेवन, योग, प्रणायामको नियमित अभ्यास, स्वस्थ आहार एवम् जीवनशैलीको अवलम्बन गर्नुपर्छ ।

*(डा. अधिकारी आयुर्वेद चिकित्सक हुन् ।)*



**पाथीभरामा पहिरो** : इलामको रोङ गाउँपालिका– ३ स्थित कुटिडाँडाबाट पाथीभरा मन्दिर जाने सिढी पहिरोले भत्किएको छ । सडकको क्षेत्र बिस्तार गर्ने क्रममा नाली खन्दा सिढी भत्किएको थियो । लकडाउनको कारण नाली व्यवस्थापन हुन नसक्दा पहिरोले पाथीभरा मन्दिर जाने सिढी भत्किएको हो । **तस्वीरः गणेश अर्याल/पूर्वाञ्चल**

# किच्चकवधमा चिल्ड्रेन गार्डेन निर्माण

**पार्थ मण्डल**

**भद्रपुर, साउन १५।** महाभारतकालीन किंवदन्तीसँग जोडिएको भद्रपुरस्थित किच्चकबध धार्मिक ऐतिहासिक तथा पर्यटकीय स्थलको परिसरभित्र चिल्ड्रेन गार्डेन निर्माण गरिएको छ ।

झापा क्षेत्र नम्बर ३ (क) बाट निर्वाचित प्रदेश सांसद बसन्त बानियाँको पहलमा प्राप्त भएको बजेटबाट किच्चकबधमा चिल्ड्रेन गार्डेन निर्माण गरिएको हो । निर्माण गरिएको चिल्ड्रेन गार्डेनको बिहीबार एक कार्यक्रमकाबीच प्रदेश सांसद बानियाँले उद्घाटन गरेका छन् ।

भद्रपुर नपा-२ र ३ नम्बर वडासँग जोडिएको किच्चकबध धार्मिक ऐतिहासिक तथा पर्यटकीय स्थलमा चिल्ड्रेन गार्डेन बनाउने गुरुयोजना मार्फत २०७६ सालमा उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालयबाट २५ लाख र सोही सालमै थप ६० लाख गरी ८५ लाख रुपैयाँ बराबरको रकम विनियोजन गरिएको थियो । सोही रकमबाट किच्चकवधमा चिल्ड्रेन गार्डेन निर्माण गरिएको संरक्षण समितिका अध्यक्ष दिलबहादुर थेबेले जानकारी दिए ।



आन्तरिक तथा बाह्य पर्यटन भित्र्याउने उद्देश्यले निर्माण गरिएको चिल्ड्रेन गार्डेनमा बालबालिकालाई आकृषित गर्ने फन पार्क, विद्युतीय रेल, आधुनिक शौचालय, पर्यटकका लागि पक्की पैदल मार्ग निर्माण गरिएको अध्यक्ष थेबेले बताए । कार्यक्रममा भद्रपुर नगरपालिकाका प्रमुख जीवनकुमार श्रेष्ठ, उपप्रमुख चन्द्रामाया श्रेष्ठ, २ नम्बर वडा अध्यक्ष भीम सुब्बा, ३ नम्बर वडाध्यक्ष कमला थुलुङ, नेकपाका नगर अध्यक्ष शिवकुमार राजभण्डारी, नगर इञ्चार्ज असारु राजवंशी लगायतको सहभागिता रहेको थियो । २०७६ साल चैत १० गते किच्चकबध चिल्ड्रेन गार्डेनको प्रदेश सांसद बानियाँले शिलान्यास गरेका थिए ।

महाभारतकालीन किंवदन्ती अनुसार विराट राजाका सालो किच्चक सेनापति थिए । पाँच पाण्डवकी रानी द्रौपदीको यौवन र रूपमाथि कुदृष्टि राख्ने सेनापति किच्चकलाई भीमसेनले मुड्क्याएर मारेको किंवदन्ती छ । सोही कथावस्तुलाई आधार मानेर यस ठाउँका नाम किच्चकबध नामकरण गरिएको हो ।

समाचार प्रभाव

## सरस्वताले ५७ वर्षपछि पाइन् भत्ता

**दिलकुमार लिम्बू**



**ताप्लेजुङ, साउन १५।** सरस्वता बनेमको जीवनमा खुशीको किरण छाएको छ । ५७ वर्षपछि पहिलो पटक भत्ता पाएपछि उनी खुशीले गद्गद् भएकी छिन् ।

ताप्लेजुङको मैवाखोला गाउँपालिका वडा नम्बर १ ढुङ्गे साघु निवासी बनेम बोल्न सक्छिन्, तर राम्ररी हिँड्न सक्दिनन् भने कान समेत सुन्दिनन् । उनले सोचेकी थिइनन् राज्यबाट सेवासुविधा वापतको भत्ता प्राप्त हुन्छ भनेर । तर, पूर्वाञ्चल दैनिकमा सरस्वता बनेमले भत्ता नपाएको विषयमा समाचार प्रकाशित भएपछि मैवाखोला गाउँपालिका वडा नम्बर १ का सचिव सुवर्ण ढकालले कोठामै बोलाएर उनलाई चार महिनाको पहिलो भत्ताको एक हजार छ सयको दरले छ हजार चार सय रुपैयाँ प्रदान गरेको बनेमकी आफन्त बचनकुमारी लिम्बूले जानकारी दिइन् ।

'यतिका दिनसम्म निकै दुःख गरेर जिविका चलायौं । बिरामी हुँदा समेत औषधि उपचार गर्न आर्थिक अभाव हुन्थ्यो । तर, भत्ता पाएपछि अब आर्थिक समस्या टर्ने भएको छ' -आफन्त बचनकुमारीले भनिन् । ५७ वर्ष पुग्दा पनि राज्यले नदेखेको जस्तो लागेको थियो । तर, आजदेखि नियमित महिनाको एक हजार छ सयको दरले मासिक भत्ता पाउँदा बल्ल स्थानीय सरकार भएको अनुभूति भएको उनले बताइन् ।

# मेनुकालाई बचाइदिन आग्रह

**विनोद पाण्डे**

**चारपाने, साउन १५।** कनकाई नगरपालिका वडा नं. ८ लक्ष्मीपुरमा मेनुका ढुंगेल (बाँस्तोला)लाई बचाउन अभियान समिति गठन गरिएको छ ।

विगत चार महिनादेखि ब्लड क्यान्सर रोगले ग्रसित बन्न पुगेकी ४३ बर्षीया बाँस्तोला उपचार खर्च अभावमा काठमाडौंको सिभिल अस्पताल परिसरमा छट्पटाई रहेकी छिन् । उनको उपचारका लागि अब घर परिवारसँग खर्च जुटाउने सबै विकल्पहरु समाप्त भएपछि समुदायलाई सहयोगको लागि अपिल गर्दै परिवारका सदस्य चन्द्र ढुंगेल र केदार ढुंगेलको संयोजनमा सहयोग संकलन समिति गठन गरिएको हो ।

कनकाई-८ का वडाध्यक्ष प्रेमबहादुर कटुवालको अध्यक्षतामा गठन गरिएको समितिको उपाध्यक्षमा हिमाली माध्यमिक विद्यालयका प्रधानाध्यापक केशवप्रसाद ओझा, सचिव हिमाली माविका शिक्षक छविलाल कट्टेल, कोषाध्यक्षमा परिवारकी सदस्य गीतादेवी निरौला रहेका छन् । त्यसैगरी सदस्यहरुमा कनकाई उद्योग वाणिज्य संघ, सुरुङ्गा जेसीज, लायन्स क्लवअफ कनकाई सुरुङ्गा, रोटरी क्लव अफ सुरुङ्गा, कनकाई खेलकुद प्रतिष्ठान, लक्ष्मीपुर बजार व्यवस्थापन समिति, होलिवेजिल एजुकेशन फाउण्डेशन अर्जुनधारा-५, लक्ष्मीपुर खानेपानी तथा सरसफाई संस्था, झापा वस्तु तथा सेवा संरक्षण संघ, छठ सेवा समाज सुरुङ्गा र अर्जुनधारा वडा कार्यालय रहेका छन् ।

मेनुका ढुंगेल बाँस्तोला बचाउन अभियान अन्तरगत आर्थिक संकलन समितिले एक हप्ताभित्रमा आवश्यक पर्ने रकम समुदायको सहयोगबाट संकलन गरिसक्ने प्रतिबद्धता गठित समितिले गरेको अध्यक्ष प्रेमबहादुर कटुवालले बताए । त्यस्तै सहयोगी सञ्चार माध्यममा पूर्वाञ्चल दैनिक, आमसञ्चार डटकम, कनकाई अनलाईन रहेका छन् ।



मेनुकाको उपचारका लागि भएको केही रकम र सरसापट गरेर हालसम्ममा १२ लाख खर्च भइसकेको र अझै सात लाखभन्दा बढी खर्च लाग्ने अस्पतालले बताएको छिमेकी अर्जुन रेग्मीले बताए । अब कतैबाट रकम जुटाउन सक्ने अवस्था छैन, आफन्तहरुसँग १०-२० हजार गरेर माग्नुपर्ने ठाउँमा मागीसकेको र भएको केही धुर जग्गा पनि पहिले नै धितो राखेर उपचारमा खर्च गरेको जानकारी पाएको अर्को छिमेकी टेकबहादुर गिरीले बताए । घरमा ७० बर्षीया सासु र छोरो पनि विरामी र असक्त रहेका छन् । मेनुकाकी सासु (सालदिदी)ले भनिन्- 'बुहारी रोगले तड्पिरहेको अवस्थामा आफूलाई बेला-बेला सम्हाल्न सक्दिन । जेनतेन बुहारीको उपचारमा खर्च जुटाउँदै आएँ अब केही छैन म कसो गरौं, मेरो बुहारीलाई बचाई दिनु होला ।'

मेनुकाका श्रीमान् कुलप्रसाद विदेशमा भए पनि एक बर्षदेखि काम नभएर समस्यामा परेका छन् । स्वदेश आउन उनीसँग खर्च पनि छैन कम्पनीले काम पनि दिँदैन । मानसिक पीडामा बाच्न बाध्य बनेका छन् कुलप्रसाद । छोरा पनि लकडाउन अगाडि परिवारको दुःखमा मल्हम लगाउन खाडीमुलुक पुगे, तर दुःखीलाई जहाँ गए पनि दुःखै भोग्नुपर्ने भनाई उनी माथि सार्थक भएको छ । ऋण गरेर गएका छोरो विदेश जाने बित्तिकै लकडाउनले गर्दा काम बन्द भएर स्वदेश फर्कन पनि पाएका छैनन् । डाक्टरको भनाई उदृत गर्दै परिवारका सदस्य चन्द्र ढुंगेल भन्छन्- 'उपचार पाउँदा बाच्न सक्ने सम्भावना ५० प्रतिशतभन्दा धेरै रहेको छ । मेनुकाको बाँच्ने आशा आधाभन्दा धेरै हुनु परिवार र समाजको लागि त्यो भन्दा खुशीको क्षण अरु के नै हुन्छ होला ।'

मेनुकालाई बचाउन रकम सहयोग संकलन गर्न समिति गठन भएकै दिन आर्थिक सहयोग समेत प्राप्त भएको छ । त्रिलोचन चिमरिया सुरुङ्गा पाँच हजार, लीलाबहादुर कटुवाल लक्ष्मीपुर दुई हजार, टेकबहादुर बस्नेत लक्ष्मीपुर दुई हजार पाँच सय, केशव ओझा लक्ष्मीपुर पाँच हजार, सुनिता सिग्देल लक्ष्मीपुर पाँच हजार, गीताराज खड्का लक्ष्मीपुर पाँच हजार, शुसिल श्रेष्ठ घैलाडुब्बा पाँच हजार, थामनारायण गिरी लक्ष्मीपुरबाट पाँच हजार संकलन भएको छ ।

यसअघि नेपाल सरकारबाट एक लाख, पाटन हस्पिटलबाट दुई लाख, गोपाल ढुंगेल सिक्किमबाट १६ हजार, मिनकुमार ढुंगेलबाट १६ हजार तीन सय, देवीका ढुंगेल कालेबुङबाट आठ हजार, गंगा ढुंगेल कलेबुङबाट आठ हजार, दुर्गा ढुंगेल भारत बंगालबाट १६ हजार, लक्ष्मण ढुंगेल काँकरभिट्टाबाट १० हजार, जयप्रसाद ढुंगेल गोलधापबाट १५ हजार, चन्द्रप्रसाद ढुङेल सुरुंङ्गाबाट २० हजार, मन्दिरा ढुंगेल लक्ष्मीपुरबाट पाँच हजार, रोहित भट्टराई भारत बंगालबाट दुई हजार पाँच सय, इन्दिरा ढंगेल अमेरिकाबाट १० हजार प्राप्त भएको थियो । त्यसैगरी ढंगेल बन्धु अष्ट्रेलियाबाट ४० हजार, डम्बर-केदार ढुंगेल बुधबारेबाट १६ हजार, छरछिमेकबाट २० हजार, स्थानीय सत्संग मण्डलीबाट १० हजार संकलन भएको बताइएको छ ।

# झापामा 'अनलाइन ढोका'

**बिर्तामोड, साउन १५।** झापामा अब दैनिक उपभोग्य सामान अनलाइनबाटै खरिद गर्न सकिने भएको छ ।

विश्वभर महामारीको रूपमा फैलिएको कोरोना भाईरसको संक्रमणबाट बच्न सरकारले गरेको लकडाउनका कारण आमउपभोक्ताहरूलाई दैनिक उपभोग्य सामान किन्न असहज भइरहेको समयमा आफूलाई चाहिने सामान क्षणभरमै घरमै आइपुग्ने भएको छ ।

कोरोना भाइरसको त्रासका कारण हाल कम समय पसलहरू खुल्ने र खोलिएको पसलमा समेत ग्राहकको अत्यधिक भिड हुँदा जोखिम पनि उत्तिकै बढ्ने सम्भावनालाई मध्यनजर राख्दै उपभोक्ताको सहजताका लागि झापा बिर्तामोडका युवा व्यवसायी रोशन श्रेष्ठ र अमर श्रेष्ठले अनलाइन ढोका नामक अनलाइन व्यवसाय शुरू गरेका छन् ।

अनलाइन ढोकाले एकै छानामुनि उपभोक्तालाई दैनिक उपभोग्य खाद्यान्न सामग्री, इलेक्ट्रोनिक्स, कपडा, फुटवेयर, स्पोर्ट्स वेयर, जीमको सप्लिमेन्ट, घरायसी सामग्री, स्वास्थ्य र सौन्दर्यका सामग्री, बेकरीका सामग्री लगायत अनलाइन ढोकाको वेबसाइट www.onlinedhoka.com मा राखिदिएको र ग्राहकले अनलाइनबाट नै अर्डर गरेर ती सामान आफ्नो घरमा मगाउन सक्ने अनलाइन ढोकाका सञ्चालक अमर श्रेष्ठले बताए ।

उपभोक्ताले आफूलाई चाहिने आवश्यक सामान अनलाइन ढोकाको फेसबुक पेज, फोन, म्यासेज, वेवसाइट मार्फत अर्डर गर्न सक्ने र जसका लागि एक क्लिक गरे हुने उनले जानकारी दिए ।

बजार मूल्यभन्दा सस्तो मूल्यमा आफूहरुले सामान उपलब्ध गराउने बताउँदै उनले झापाभरीका उपभोक्तालाई होम डेलिभरीको सुविधा उपलब्ध गराइने बताए ।

उनले उपभोक्ताले www.onlinedhoka.com लग अन गरी आफूलाई चाहिने सामान अर्डर गरे घरमै उपलब्ध गराइने उनले बताए । झापा विशेषगरी बिर्तामोडका व्यवसायीहरुको सामान अनलाइन ढोकामार्फत बिक्री गरिने उनले जानकारी दिए ।

लकडाउनको समयमा व्यापार व्यवसाय ठप्प रहेका बिर्तामोडका व्यवसायीहरुको सामान अनलाइन ढोकामार्फत बिक्री गरि उनीहरुलाई केही राहत दिन आफूहरुले अनलाइन ढोका नामक अनलाइन व्यवसाय शुरु गरेको उनले जानकारी दिए ।

# ताप्लेजुङमा राष्ट्रिय परिचय पत्र विवरण संकलन

**ताप्लेजुङ, साउन १५।** जिल्ला प्रशासन कार्यालयमा पञ्जीकरण विभागले संकलन केन्द्र स्थापना गरेर मंगलबारदेखि राष्ट्रिय परिचय पत्र विवरण संकलन कार्य शुरु गरिएको छ ।

फुङलिङ नगरप्रमुख छत्रपति प्याकुरेलको विवरण संकलन गरी राष्ट्रिय परिचय पत्रको विवरण संकलन शुरु गरेको राष्ट्रिय परिचय पत्र विवरण संकलन अपरेटर बसन्त निरौलाले बताए । ताप्लेजुङका प्रमुख जिल्ला अधिकारी डोरेन्द्र निरौलाले राष्ट्रिय परिचय पत्र नेपाली नागरिकको ऐतिहासिक र प्रायः सबै विवरण खुल्ने हाते पुस्तिका जस्तै भएकोले सहभागी भएर राष्ट्रिय परिचय पत्र बनाउन सबैलाई आग्रह गरेका छन् ।

उनका अनुसार नेपाली नागरिकता प्राप्त गरेका व्यक्तिहरुले अब जिल्ला प्रशासन कार्यालयमै रहेको राष्ट्रिय परिचय पत्रको विवरण संकलन केन्द्र मार्फत राष्ट्रिय परिचय पत्रका लागि दरखास्त दिनुपर्नेछ । कोभिड-१९ का कारण भिडभाड र तामझाम नगरी राष्ट्रिय परिचय पत्रको विवरण संकलन गर्ने कार्यको शुभारम्भ गरिएको प्रमुख जिल्ला अधिकारी निरौलाले बताए ।

# एनएमसीद्वारा ऋण मिनाह



**बिर्तामोड, साउन १५।** नेपाल बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड (एनएमसी)ले शेयर सदस्यको ऋण मिनाह गर्नुको साथै राहत रकम प्रदान गरेको छ ।

बिर्तामोड नगरपालिका-१० स्थित एनएमसी शाखा कार्यालयका शेयर सदस्य शैलेन्द्र राजवंशीको निधन भएपछि उनले लिएको सामुहिक जमानत कर्जा रु. एक लाख मिनाह गर्नुको साथै रु. २५ हजार राहत सहयोग प्रदान गरिएको हो । संस्थाको सैनिक बजार कार्यालयगत उपसमिति संयोजक मनु मुखियाले उक्त राहत रकम सदस्य स्व. राजवंशीकी श्रीमती लखिसरी राजवंशीलाई हस्तान्तरण गरेकी थिइन् ।

कार्यक्रममा सैनिक बजार कार्यालय अन्तरगत इकाई नम्बर २ का संयोजक रत्नबहादुर बस्नेत, सदस्य ओम गुरुङ, कर्मचारी पवन मैनाली, चन्द्रबहादुर राई लगायतको सहभागिता रहेको सैनिकबजार कार्यालय प्रमुख विशाल ढुंगानाले बताए ।

सेफ्टी ट्याङ्की तथा ढल सफाई
अत्याधुनिक ट्रबो (Trabo) प्रविधि सिस्टमको ठूलो ट्याकीबाट सस्तोमा दुगन्धरहित हजुरहरुको सेफ्टी ट्यांकी सरसफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।
'चट्ट फोट झट्ट सेवा'
सम्पर्कः ०२३-५५०६२०
९८४२६५५७००, ९८०४९३८१००, ९८०७९३०७४०, ९८१७९२१३९४

साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई
झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस् ।
सम्पर्कः ९८१४९९३७१२, ९८०६०८३८७६, ९८२४९८११७४

टाटा सुमो गाडी भाडामा चाहिएमा
बितामोडदेखि पशुपतिनगर र पशुपतिनगरबाट बिर्तामोड दैनिक यात्रा साथै रिजर्भका लागि १० सिट भएको टाटा सुमो गाडी चाहिएमा सम्पर्क गर्नुहोला ।
मो.९८१५९५२४९९ ९८४१३२१४६४

छापाखाना
बिभिन्न किसिमको विवाह कार्ड उपलब्ध छ
फोटोकपि स्टाम (छाप) अफसेट प्रिन्ट स्क्रीन प्रिन्ट फ्लेक्स प्रिन्ट होर्डिङ्ग बोर्ड लेमिनेशन डिजिटल प्रिन्ट लगायत छपाई सम्बन्धि सम्पूर्ण काम गरिन्छ
लेमिनेशन भिजिटिङ्ग कार्ड चाहिएको छ, हामिलाइ सम्झनुहोस
७ बार १२ महिना सञ्चालनमा
घिमिरे अफसेट प्रेस बिर्तामोडमा
अतिथिसदन उत्तरपट्टिको घर
फोन नं. ०२३-५४२१५९, ९८४२६२५३५३/९८१४०३६३४४

बिना अपरेशन सफल उपचार
दक्ष एवम् अनुभवी डाक्टरहरुद्वारा दैनिक चेकजाँच तथा सफल उपचार ।
उपचार हुने समस्याहरु :
– कम्मर, गर्दन दुख्ने, घुडा दुख्ने, नशा च्यापिएको, शरीर झम्झमाउने
– थाइराइड, कोलेस्ट्रोल, ग्याष्ट्रिक, कब्जियत
– पायल्स, फिसर, फिस्टुला, पिनास, सुगर, प्रेसर
– खोकी, जण्डिस, छातीको दाग, मृगौलाको पत्थरी, एलर्जी, डण्डीफोर
– महिला तथा पुरुषका गुप्त रोगहरु, माइग्रेन, अनिद्रा, प्रोस्टेट
– बाथ युरिक एसिड, कुम जाम भएको
– प्यारालाइसिस, मुख बाङ्गिएको आदि ।
बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर
(अष्टाङ्ग आयुर्वेद फार्मेसी) अदुवा खोला पुल पश्चिम हाइवेको दक्षिण पट्टी बिर्तामोड-४, झापा
फोन न ०२३-५४१४६६/९८०६०००३१३/९८४२७१६५८८

हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार
पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।
जाँच तथा उपचार हुने समस्याहरु
– गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
– बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
– शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
– प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
– प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।
स्पार्क पूर्वाञ्चल अस्पताल, कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५४०१२३, ९८०३१५४६१९)



ज्यो. मधुसूदन रिजाल (स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** आजको समय तपाईको लागि अहितकर भएर देखापरेको हुदा बेलैमा ख्याल पुर्याउनुपर्ला ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** कर्म क्षेत्रमा चन्द्रमाको प्रभाव परेको हुँदा तपाईको लागि काम कार्यको क्षेत्र प्रभावकारी रहला । सरकारी कामकार्यहरु समयमानै पूरा होला ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** सामाजिक कार्यमा तपाईको प्रशंसा बढ्ने योग रहेको हुँदा तपाईको ख्यातीमा वृद्धि होला । धार्मिक कार्यमा तपाईको लगाव बढ्न सक्ला ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** दह्रो समयले तपाईलाई साथ दिएको हुँदा तपाईको आफ्नो क्षमता प्रदर्शन गर्न सक्नु हुनेछ । प्रतियोगितामा तपाईको जीत होला ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** आजको लागि तपाईको दिन उपयुक्त भएर देखापरेको हुँदा आफ्नो कार्यमा तपाईले तुरुन्तै सफलता पाउन सक्नु हुनेछ ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** आजका चन्द्रमा तपाईको मुखमा बसेका हुँदा तपाईको वाक्य सिद्धि होला तपाईको बोलीचाली प्रभावकारी होला ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -** समय तपाईको लागि उपयोगी भएर आईपुगेको हुँदा तपाईको आधा-अधुरो कार्य लागीपरे समयमा नै पूरा गर्न सक्नु हुनेछ ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** आज तपाईको राशिमा चन्द्रमाको प्रभाव परेको हुँदा तपाईको योजना कार्यहरु शुभ होला । प्रेम तथा स्नेह पाइने दिन रहेको छ ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** बौद्धिक स्थानमा चन्द्रकाको प्रभाव परेको हुँदा तपाईको लागि आजको दिन उपयुक्त भएर आइपुगेको हुँदा परिश्रम अनुसारको सफलता पाउन सक्नु हुनेछ ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** लाभ स्थानमा आजका ग्रहदशा देखापरेका हुँदा आय आम्दानीमा बढोत्तरी गराउने समय देखापरेको हुँदा लेनदेन कारोवार सफल रहला ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** आजको दिन तपाईको लागि अशुभ भएर देखापरेको हुँदा हरेकखालका कार्यमा तपाईले विचार पुर्याउँदा राम्रो होला । खर्चको भार बढ्न सक्ला ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** तपाईको जन्म राशिबाट अष्टम परेका चन्द्रमाको प्रभाव परेको हुँदा तपाईको लागि आजको दिन खराव रहेको छ । सतर्क रहनुपर्ला ।